गैरआवासीय नेपाली संघ
निर्वाचन समितिको कार्यालय, काठमाडौं

## मनोनयन पत्र दर्ता गर्न इच्छुक उम्मेदवारहरुको लागि सूचना

गैरआवासीय नेपाली संघ अन्तराष्ट्रिय समन्वय परिषदको मिति २०८०।०७।०२ (October 19, 2023) मा हुने निर्वाचनमा विभिन्न पदमा मनोनयन पत्र दर्ता गर्न इच्छुक उम्मेदवारहरुले देहाय बमोजिमका कागजात पेश गर्नुपर्ने व्यहोरा सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मनोनयन पत्र साथ पेश गर्नुपर्ने कागजातहरु:**

(१) गैरआवासीय नेपालीको हैसियत कायम रहेको सम्वन्धमा राष्ट्रिय समन्वय परिषद (NCC) बाट सो देशमा २ (दुई) वर्ष भन्दा बढी बसोबास गरेको प्रमाणीत हुने कागजात ।

(२) उम्मेदवारको मनोनयन दस्तुर र अन्य तोकिएको शुल्क बुझाएको रसिद ।

(३) प्रस्तावक र समर्थकले तोकिए बमोजिम शुल्क बुझाएको रसिद ।

(४) निर्वाचन आचारसंहिता परिपालना गर्ने लिखित प्रतिवद्दता पत्र ।

(५) राजनैतिक /जातीय / धार्मिक संस्थाको कुनै पद धारण गरेको भए त्यस्तो संस्थाको पदबाट दिएको राजिनामा/स्वीकृति पत्र ।

(६) महाधिवेशन प्रतिनिधि चयन वा चालु अन्तराष्ट्रिय समन्वय परिषदको पदाधिकारी वा सदस्य रहेको प्रमाणीत हुने कागजात ।

(७) अन्तराष्ट्रिय समन्वय परिषदको पदाधिकारी वा सदस्य पदमा एक कार्यकाल (कम्तिमा एक वर्ष काम गरेको) पूरा गरेको प्रमाणीत हुने कागजात । **(अध्यक्षको हकमा)**

(८) अन्तराष्ट्रिय समन्वय परिषदको पदाधिकारी वा सदस्य वा कुनै पनि राष्ट्रिय समन्वय परिषदको पदाधिकारी पदमा एक कार्यकाल (कम्तिमा एक वर्ष काम गरेको) पूरा गरेका प्रमाणीत हुने कागजात । **(अध्यक्ष बाहेकका पदाधिकारीको हकमा)**

(९) अन्तराष्ट्रिय समन्वय परिषदको पदाधिकारी वा सदस्य वा राष्ट्रिय समन्वय परिषदको पदाधिकारी वा सदस्य पदमा एक कार्यकाल (कम्तिमा एक वर्ष काम गरेको) पूरा गरेको वा कम्तिमा एक पटक अन्तराष्ट्रिय महाधिवेशन प्रतिनिधि छनौट भएको प्रमाणीत हुने कागजात । **(क्षेत्रीय महिला र युवा संयोजक तथा उपसंयोजकको हकमा)**

(१०) मिति २०८०।६।३० (१७ अक्टोवर २०२३) सम्म ४० वर्ष उमेर नकाटेको अर्थात मिति २०४०।०७।०१ गते (October 18,1983) गते वा सो मिति पछि जन्म मिति भएको पुष्टि हुने कागजात । **(युवा उपाध्यक्ष/ संयोजक, क्षेत्रीय युवा संयोजक/ उपसंयोजकको हकमा)**

(११) मिति २०८०।०६।३० (१७ अक्टोवर २०२३) सम्म ३० वर्ष उमेर नकाटेको अर्थात मिति २०५०।०७।०१ गते (October 17,1993) गते वा सो मिति पछि जन्म मिति भएको र विदेशमा माध्यामिक विद्यालय तहसम्म अध्ययन गरेको पुष्टि हुने कागजात । **(दोश्रो पुस्ताका गैर आवासीय नेपाली संयोजकको हकमा)**

(१२) अन्य आवश्यक कागजात ।

थप जानकारीको लागि मिति २०८०।६।९ (September 26, 2023) मा प्रकाशित निर्वाचन कार्यक्रमको सूचना, निर्वाचन समितिको कार्यालयबाट प्रकाशित हुने मनोनयन पत्र एवं संघको विधान, निर्वाचन निमायवली र आचारसंहिता समेतका कागजात संघको वेभसाइट **www.nrna.org** मार्फत जानकारी लिन सकिने व्यहोरा अनुरोध छ । धन्यवाद ।

यादव प्रसाद ढुंगाना
प्रमुख निर्वाचन अधिकृत
मिति : २०८०।६।२१ गते ।